# श्री चौकुने सामुदायिक वन उपभोक्ता समुह

## दुधौली न.पा.–३,सिन्धुली

## गोलिया काठ र दाउरा बोलपत्र द्वारा लिलाम विक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०९।१९ गते)**

यस समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा संकलन हुन आएका निम्न जातको काठ दाउरा जिल्ला बाहिर बिक्री गर्ने बेलामा जिल्ला आपुर्ति समिति लाई छुटयाईएका काठ आपुर्ति समितिले समयमा बिक्री गर्न नसकेकोले समूहले फिर्ता लगेर हाल जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम मूल्याङ्कन दरमा नघटाई सिलबन्दी बोलपत्र द्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मु.अ.करमा दर्ता भएको स्थायी लेखा नं प्राप्त काठको कारोबार गर्ने उद्देश्य राखी सुचिकृत भएका उद्योग वा कम्पनीका व्यवसायीहरुले यो सूचना हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा समेत मिति २०८२।०९।१९ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र तपशिलमा तोकिएको स्थानबाट बोलपत्र खरीद गरी निम्न रीत पुऱ्याई बोलपत्र तोकिएको स्थानमा दाखिला गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

**१) लिलाम हुने वन पैदावारको विवरणः**

| क्र स | लट नं. | जात | किसिम | ग्रेड | थान | क्यू.फि | प्रति क्यू.फि. दर | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान गोलिया | जम्मा क्यू.फि | घाटगद्दी स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | गोलिया | A | ६ | ७५.७० | १२५० | ९४६२५ | ५३६९३० | ७४ | ६४१.५४ | चौकुने चौर | |
| | | साल | गोलिया | B | २० | २७८.६१ | ९०० | २५०७४९ | | | | | |
| | | साल | गोलिया | C | ३५ | २७१.२९ | ६०० | १६२७७४ | | | | | |
| | | साल | गोलिया | D | १३ | १५.९४ | ३०० | ४७८२ | | | | | |
| | | साल | दाउरा | | चट्टा | २ | १२००० | २४००० | | दाउरा | २.०चट्टा | | |

२ बोलपत्र फाराम प्रति लट रु. १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन-कार्यालय, सिन्धुली बाट मिति २०८२।०९।१९ गतेदेखि २०८२।१०।०९ गतेसम्म खरीद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।१०।१० गते दिनको १२ वजे भित्र माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा.बैंक, सिन्धुलीमा रहेको चल्ती हि.नं. १०६०१००००६९३२००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस समूहले रा.वा.बैंक सिन्धुलीवाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश राखी पेश गर्नुपर्नेछ ।

५. उपरोक्त कार्यालयहरुबाट विक्री तथा दाखिला भएका बोलपत्रहरु विक्री गर्ने उपरोक्त कार्यालयहरुबाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी अन्तिम मितिको तेस्रो दिन यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावर माथि उल्लेखित घाटगद्दी भएको स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक सुचिकृत भएका वन पैदावार उद्योग वा कम्पनी ले मात्र प्रोपाइटरको फर्मको प्रमाण पत्रको प्रतिलिपि, प्राइभेट फर्मको प्रमाण पत्र (नवीकरण भएको) प्रतिलिपि र प्रतिनिधिद्वारा बोलपत्र खरीद गरिने भए प्रोपाइटरको इच्छा पत्र (छाप लागेको) समेत संलग्न राखी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८. रीतपूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु दाखिला भएको भोलिपल्ट कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्बन्धित सब डिभिजन वन कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरी पेश गर्नुपर्नेछ । केरमेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिने छ । ११. बोलपत्रदाताले बोलपत्र शिलबन्दी गरेको खामको बाँया तर्फ नाम, ठेगाना लेखी फर्मको छाप समेत लगाई खामको दाँयातर्फ अध्यक्षलाई सम्बोधन गरी सकार गर्ने लट नं. समेत उल्लेख गर्नुपर्नेछ ।

१२. म्याद नाघी, रीत नपुऱ्याई वा शर्त राखी वा अन्य कुनैपनि तरीकावाट आएको बोलपत्र उपर कार्यवाही गरिने छैन ।

१३. बोलपत्र खरीद, दाखिला र खोलिने दिन विदा पर्न गएमा सो कार्य सोको भोलिपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुनेछ ।

१४. लिलाम स्वीकृत भएको सूचना यस समूहको सूचना पाटीमा टाँस भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम, मूल्य अभिवृद्धि कर, संकलन खर्च समेत बुझाई काठ/वन पैदावार उठाई लैजानु पर्नेछ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्बन्धित लटको

१५. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहनेछ ।

१६. विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

.(ईती संवत २०८२ साल ९ को महिना १९ गते रोज ७ शुभम ।)

...@gmail.com

CamScanner